क्षीरेश्वरनाथ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८०/०८१(शिक्षा)
चलानी नं. : 620

विषय : **शिक्षक सेवा तथा लोक सेवा तयारी कक्षा संचालनका लागि आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना !**

**(प्रथम पटक सूचना प्रकाशन मिति : २०८०।०९।१२..)**

प्रस्तुत विषयमा यस क्षिरेश्वरनाथ नगरपालिकाको चालु आ.व. २०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रम र विनियोजित बजेट अनुसार **शिक्षक सेवा तथा लोक सेवा तयारी कक्षा संचालन** गर्ने कार्यक्रम रहेको हुँदा शिक्षक सेवा तथा लोक सेवा तयारी कक्षा संचालन गर्ने उद्देश्यले सम्वन्धित निकायमा दर्ता भई यस प्रकारका तयारी कक्षाहरु संचालन गरिरहेका इच्छुक संस्था वा फर्महरुले तपसिलका शर्तहरुको अधिनमा रही यो सूचना सार्वजानिक भएको मितिले ७ दिन भित्र **प्राविधिक तथा आर्थिक प्रस्ताव** सहितको प्रस्तावना यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१. आर्थिक प्रस्ताव रु.४,००,०००।- (अक्षरेपी रु चारलाख मात्र) मा नबढ्ने गरी पेश गर्नु पर्नेछ ।
२. यस कार्यालयबाट सिफारिस गरिएका विद्यार्थीहरुलाई मात्र तयारी कक्षामा सहभागी गराउनु पर्ने छ ।
३. शिक्षक सेवा अन्तर्गत आधारभूत तह प्रथम पत्र तथा लोक सेवा अन्तर्गत सहायक स्तर चौथो र पाँचौं ( रा.प. अनंकित द्वितीय र प्रथम) तहका अप्राविधिक तर्फका प्रथम पत्रको तयारी कक्षा संचालन सम्वन्धि आर्थिक र प्राविधिक प्रस्तावना पेश गर्नु पर्नेछ ।
४. आर्थिक प्रस्ताव पेश गर्दा करसहित माथि उल्लेखित रकममा नबढ्ने गरी पेश गर्नु पर्नेछ ।
५. बुँदा नं. ३ अनुसार शिक्षक सेवा आयोग तथा लोक सेवा आयोगले तोकेको पाठ्यक्रम अनुसारको सबै विषयवस्तुहरुको कक्षा संचालन गर्नु पर्नेछ ।
६. प्राविधिक प्रस्तावमा कम्तिमा ४ पटक अध्यापन भएका कक्षाहरुको परीक्षा संचालन लिने व्यवस्था गरिएको हुनु पर्नेछ ।
७. संस्था वा फर्म छनोट गर्दा सार्वजानिक खरिद ऐन २०६३, नियमावली २०६४ र प्रचलित नियमानुसार सवैभन्दा कम कवोल भएको प्रस्तावलाई छनोट गरिनेछ ।
८. प्राविधिक प्रस्तावमा शिक्षक सेवा तथा लोक सेवा तयारी कक्षा संचालन गरेको अनुभव पत्र समेत पेश गर्नु पर्नेछ ।
९. कुनै पनि शर्त राखी पेश भएका निवेदन स्वीकृत हुने छैनन् ।
१०. प्रशिक्षण गराउने प्रशिक्षकहरुकको आधिकारिक परिचय खुल्ने विवरण समेत पेश गर्नु पर्ने छ ।

क्षीरेश्वरनाथ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

महेन्द्रनगर, धनुषा

मधेश प्रदेश, नेपाल


पत्र संख्या : २०८०/०८१(शिक्षा)

चलानी नं : 620

११. प्रशिक्षकको न्यूनतम शैक्षिक योग्यता कम्तिमा पनि स्नातक उत्तीर्ण भई सम्बन्धित क्षेत्रमा कम्तिमा १ वर्षको शिक्षण अनुभव भएको हुनु पर्नेछ ।

१२. क्षिरेश्वरनाथ नगरपालिकाको नियमानुसार व्यवसाय दर्ता भएको हुनु पर्नेछ ।

१३. स्थानीय संस्था वा फर्मलाई प्राथमिकता दिइनेछ ।

१४. कुनै प्रस्तावलाई अस्विकृत गर्ने पूर्ण अधिकार यस नगरपालिकामा निहित रहने छ साथै यस सम्बन्धि अन्य व्यवस्था क्षिरेश्वरनाथ नगरपालिकाको **शिक्षक सेवा तथा लोक सेवा तयारी कक्षा संचालन सम्बन्धि मापदण्ड २०८०** अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री सूचना तथा प्रविधि शाखा - सूचना वेबसाइट र फेसबुकमा प्रकाशित गरिदिनु हुन ।